क्व्होलासोथार गाउँपालिका
Kwholasothar Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
मालिङ, लमजुङ
गण्डकी प्रदेश, नेपाल

प.सं. (Ref. no.) : ०८०/०८१
सु.नं. : ३०

क्व्होलासोथार गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मालिङ, लमजुङ गण्डकी प्रदेश, नेपाल २०७३

## डोजर (ब्याक हो लोडर) भाडामा लिने सम्बन्धी सूचना ।

(पहिलो पटक सूचना प्रकाशन मिति : २०८१/०२/२०)

यस गाउँपालिका भित्र वर्षाको समयमा भारी वर्षाको कारण पहिरो गई अवरोध भएका सडकहरुमा थुप्रिएका माटो तथा ढुंगाहरु सफा गर्न तथा सडकमा भएका खाल्टाखुल्टी पुर्ने सम्याउने कार्य गर्नका लागि डोजर ( ब्याक हो लोडर) भाडामा लिनुपर्ने भएकोले इच्छुक फर्म वा निर्माण व्यवसायीहरुले निम्न शर्तहरुको अधिनमा रही रितपुर्वक तपसिलका कागजातहरु संलग्न गरी सिलबन्दी दररेट पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल :-**

१. प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र वा २०८१/०३/०३ गते कार्यालय समय भित्र सम्बन्धित निर्माण व्यवसायीले आफ्नो कागजातको प्रमाणित प्रतिलिपी संलग्न राखी यस कार्यालयबाट फिर्ता नहुने गरी हिमालयन बैंक लिमिटेडमा रहेको Ga-1-1 Antarik Rajaswo खाता २५६५०३३५६६०१५२ मा रु. १०००।- (एक हजार) दाखिला गरी वा गाउँपालिकाको राजश्व शाखामा बुझाई सिलबन्दी दररेट फाराम खरिद गर्न सकिनेछ ।

२. इच्छुक फर्म वा निर्माण व्यवसायीले उक्त सिलबन्दी दररेट फाराम मिति २०८१/०३/०३ गते बिहान १२:०० बजे भित्र गाउँपालिकामा दर्ता गरिसक्नु पर्नेछ । उक्त सिलबन्दी दररेट फाराम सोहि दिन दिउँसो २:०० बजे गाउँ कार्यपालिकाको कार्यालयमा खोलिनेछ । सिलबन्दी दररेट पत्र दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

३. सिलबन्दी दररेट उल्लेख गर्दा मासिक भाडा दर कर बाहेक उल्लेख गर्नुपर्नेछ । डोजरको ग्रिज, मर्मत खर्च, सुरक्षा स्वयं डोजरधनीले व्यहोर्नुपर्नेछ । डिजेल गाउँपालिकाबाट उपलब्ध गराइनेछ । दररेट उल्लेख गर्दा अनिवार्य रुपमा अंक र अक्षरमा प्रष्ट उल्लेख गर्नुपर्नेछ । अंक प्रष्ट नभएमा अक्षरमा खुलाइएको दररेटलाई मान्यता दिइनेछ ।

४. भाडामा लिइने डोजरको मासिक भाडा अधिकतम रु. १,९०,०००।- (एक लाख नब्बे हजार मात्र) VAT सहित हुने र भाडा रकम प्रत्येक महिनाको अन्तिममा भुक्तानी हुने तथा कारोबारमा हुने करको दायित्व सम्बन्धित फर्म वा निर्माण व्यवसायीको हुनेछ । चालक र सहयोगी खर्च (खान र बस्न समेत) बापत न्यूनतम रु. १०,०००।- थप गाउँपालिकाबाट उपलब्ध गराइनेछ ।

५. डोजर भाडामा उपलब्ध गराउँदा मेशिनको क्षमता अनिवार्य रुपमा उल्लेख गरेको हुनुपर्नेछ । चालु अवस्थामा रहेको ब्याक हो लोडर हुनुपर्नेछ ।

६. भाडामा लिइने डोजरको कार्यवधि प्रतिदिन न्यूनतम ६ घण्टा हुनुपर्नेछ र पहिरो गएको अवस्थामा कार्यालयको निर्देशन अनुसार सडक सरसफाइ गर्नुपर्नेछ ।

२०८१/०२/२०
माधव ... 
प्रमुख प्रशासकीय अधिकृत

७. कार्यालयले आवश्यकता अनुसार तोकेको स्थानमा डोजर प्रयोग गर्नुपर्नेछ । डोजर मर्मत गर्नुपर्ने भै एक दिन सम्म काम गर्न नसकेमा सो दिनको कार्य अर्को दिन गर्नुपर्नेछ र लगातार दुई दिन भन्दा बढी समयसम्म संचालनमा नआएको खण्डमा सो अवधिको लागत मूल्य घटाई भुक्तानी गरिनेछ ।
८. एक पटक पेश भएको सिलबन्दी दररेट फिर्ता वा संशोधन गर्न सकिने छैन ।
९. सिलबन्दी दररेट स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।
१०. माथि उल्लेख भएकोमा सोही अनुसार र अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

क्व्होलासोथार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मार्लिङ, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७२

**<u>दरभाउपत्रका साथ पेश गर्नुपर्ने कागजातहरु</u>** :-

- फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि
- कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि (आ.व. २०७९/०८० को)
- चालकको नागरिकता प्रमाणपत्र र चालक अनुमतिपत्रको प्रतिलिपि
- डोजर नवीकरण भएको बिल बुक र तेस्रो पक्ष बीमाको प्रमाणित कागजातहरुको प्रतिलिपि
- रु. १०००।- तिरेको राजश्वको सक्कल प्रति ।

२०७९/०८/२०
.....................................
माधव प्रसाद वाग्ले
प्रमुख प्रशासकीय अधिकृत

माधव प्रसाद वाग्ले
प्रमुख प्रशासकीय अधिकृत

मिति : २०८१/........../...........

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू

क्होलासोथार गाउँ कार्यपालिकाको कार्यालय

मालिङ, लमजुङ ।

विषय :- दररेट पेश गरेको सम्बन्धमा ।

प्रस्तुत विषयका सन्दर्भमा तहाँ कार्यालयको मिति २०८१/०२/२० गते डोजर भाडामा लिने सम्बन्धी प्रकाशित सूचनामा उल्लेख भएका शर्त अनुसार देहाय बमोजिम प्रति महिना दररेटमा डोजर (ब्याक हो लोडर) उपलब्ध गराउन इच्छुक भएकोले संलग्न कागजात सहित यो दररेट पेश गरेको छु ।

| |
|---|
| प्रति महिना डोजरको भाडा : रु. ............................................................<br>(अक्षरमा : .................................................................................... VAT बाहेक) |

आवश्यक कागजातहरु :-

- फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि
- कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि (आ.व. २०७९/०८० को)
- चालकको नागरिकता प्रमाणपत्र र चालक अनुमतिपत्रको प्रतिलिपि
- डोजर नवीकरण भएको बिल बुक र तेस्रो पक्ष बीमाको प्रमाणित कागजातहरुको प्रतिलिपि
- रु. १०००।- तिरेको राजश्वको सक्कल प्रति ।

दररेट पेश गर्नेको

दस्तखत :

फर्मको नाम :

ठेगाना :

फर्मको छाप :

सम्पर्क नं. :

(पुनश्च : सम्बन्धित फर्म वा निर्माण व्यवसायीले गाउँपालिकाको राजश्व शाखाबाट रु. १०००।- को राजश्व तिरी फाराम खरिद गरी गाउँपालिकाको अधिकार प्राप्त अधिकारीबाट फाराम प्रमाणित गराई दररेट पेश गर्नुपर्नेछ । )

माधव प्रसाद पाठक
प्रमुख प्रशासकीय अधिकृत